# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड-६, मालारानी गाउँपालिका, मितिः २०८०/०९/१८ संख्या : ९


भाग २

## मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## खनदह, अर्घाखाँची

# स्रोत शिक्षक व्यवस्थापन कार्यविधि- २०८०

प्रमाणीकरण मिति २०८०/०९/१७

**प्रस्तावनाः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखित स्थानीय तहको जिम्मेवारी अन्तर्गत मालारानी गाउँपालिकाका आधारभूत तथा माध्यमिक विद्यालय शिक्षाका शैक्षिक कार्यक्रम कार्यान्वयनको पक्षलाई अनुगमन तथा मूल्याङ्कन गरी शैक्षिक सुधारको लागि आवश्यक व्यवस्था मिलाउन वाञ्छनीय भएकोले मालारानी गाउँ कार्यपालिकाको मिति २०८० पौष १७ गतेको बैठकले

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा १ र २ बमोजिम यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम स्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०८० रहेको छ ।

ख. यो कार्यविधि स्वीकृत भएको मितिबाटै लागु हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

क. **'गाउँपालिका'** भन्नाले 'मालारानी गाउँपालिका' र 'गाउँ कार्यपालिका' भन्नाले **'मालारानी गाउँ कार्यपालिका'** लाई सम्झनुपर्छ ।

ख. **'कार्यालय'** भन्नाले **'मालारानी गाउँ कार्यपालिकाको कार्यालय'** लाई सम्झनुपर्छ ।

ग. **'स्रोत शिक्षक'** भन्नाले यस कार्यविधि अनुसार स्रोत शिक्षक पदमा करारमा नियुक्ति भएको शिक्षकलाई सम्झनुपर्दछ ।

घ. **'शिक्षण सहयोग अनुदान'** भन्नाले स्रोत शिक्षकको पदाधिकार रहेको विद्यालयलाई स्रोत शिक्षकलाई गाउँपालिकामा करारमा नियुक्त गरेपछि अस्थायी रूपमा खाली रहेको पदमा पालिका अनुदान शिक्षक नियुक्ति गर्न प्रदान गरिने तोकिएबमोजिमको अनुदान सम्झनुपर्छ ।

ङ. **'पालिका अनुदान शिक्षक'** भन्नाले स्रोत शिक्षक पदाधिकार रहेको विद्यालयको दरवन्दीमा विद्यालयले नियमानुसार नियुक्त गरेको र स्रोत शिक्षक विद्यालयमा फिर्ता भएपश्चात् स्वतः पदबाट अवकाश हुने शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## स्रोत विज्ञको करार सम्झौता

३. स्रोत शिक्षकको करार सम्झौताको लागि सिफारिस गर्न देहायका सदस्यहरू रहेको एक स्रोत शिक्षक छनौट समिति रहने छ ।

क. प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

ख. सामाजिक विकास समितिको संयोजक वा गाउँ शिक्षा समितिले तोकेको व्यक्ति - सदस्य

ग. स्रोत शिक्षक छनौट समितिको बैठकले मनोनीत गरेका परीक्षणको विषयक्षेत्रमा दक्षता भएका दुईजना विज्ञ- सदस्य

घ. शिक्षा शाखा प्रमुख- सदस्य सचिव

४. स्रोत शिक्षकको करार सम्झौताको लागि न्यूनतम योग्यता पुगेका व्यक्तिबाट आवेदन माग गरी कम्तीमा ७ (सात) दिनको म्याद दिई कार्यालयको वेवसाइट र कार्यालयको सूचना पाटीमा सार्वजनिक सूचना प्रकाशित गरी सार्वजनिक गरिने छ ।

५. स्रोत शिक्षकको छनौटको लागि योग्यता र परीक्षाको किसिम परिच्छेद ४ बमोजिम हुने छ ।

६. छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले स्रोत शिक्षकको नियुक्ति गर्ने छ ।

७. स्रोत शिक्षकसँग करार सम्झौता गरिने छ । निजको काम सन्तोषजनक भएमा पुनः प्रत्येक वर्षको लागि करार सम्झौता थप गर्न सकिने छ ।

## परिच्छेद ३

## स्रोत शिक्षकका काम, कर्तव्य, अधिकार र सेवाका शर्तहरू

८. स्रोत शिक्षकका काम, कर्तव्य र अधिकार तथा सेवा शर्त र सुविधा देहाय बमोजिम हुनेछ ।

क. स्रोत शिक्षक सामान्यतया प्रशासनिक रूपमा प्रमुख प्रशासकीय अधिकृतप्रति तथा शैक्षणिक रूपमा शिक्षा शाखा प्रमुखप्रति उत्तरदायी रहने,

ख. स्रोत शिक्षकले विद्यालयहरूमा शिक्षण सहयोग सम्बन्धी प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भुमिका निर्वाह गर्ने,

ग. शैक्षिक सूचना प्रवाह गर्ने गराउने,

घ. गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माणमा सकृय भूमिका निर्वाह गर्ने,

ङ. गाउँपालिकालाई शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयन सम्बन्धी कार्यमा प्राविधिक सहयोग गर्ने,

च. गाउँपालिकाभित्रका प्रत्येक विद्यालयहरूको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा वर्षमा कम्तीमा ३ पटक पर्यवेक्षकका रूपमा भाग लिने र आवश्यक सल्लाह सुझाव तथा सहयोगीको रूपमा

कार्य गर्ने,

छ. विद्यालयको सुपरिवेक्षण, प्राविधिक सहयोग, शिक्षक सहयोग सम्बन्धी वार्षिक कार्यक्रम बनाई गाउँपालिकामा राख्ने र सो अनुसार कार्य गर्ने,

ज. स्वीकृत वार्षिक कार्यक्रम अनुसार मासिक कार्ययोजना बनाई शिक्षा शाखा प्रमुखबाट स्वीकृत गराउने र सोको कार्यान्वयन गर्ने,

झ. गाउँपालिकाको विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने,

ञ. गाउँपालिका अन्तर्गतका विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण र विद्यालय स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सो सम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने, गर्न लगाउने,

ट. शैक्षिक सत्र सुरू भएको एक महिनाभित्र विद्यालयगत रूपमा गत शैक्षिक सत्रको कक्षा १ देखि १० सम्मका परीक्षाफलको विष्लेषण गर्ने,

ठ. प्रत्येक वर्षको सिकाइ उपलब्धीको तुलनात्मक विष्लेषण र प्रदर्शन गर्ने,

ड. सिकाइ उपलब्धीको विष्लेषण पश्चात् गाउँपालिकाको प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायहरुको खोजी गर्ने,

ढ. सिकाइ उपलब्धी अभिवृद्धि हुने क्रियाकलापको बारेमा प्रधानाध्यापकको बैठकमा छलफल गरी योजना बनाउन सहयोग गर्ने,

ण. विद्यार्थीको सिकाइ उपलब्धी सुधारको लागि विषयगत समिति गठन, अन्तर्कृया र शिक्षक सहकार्यमा सहजीकरण गर्ने,

त. विद्यालयहरूलाई विद्यालयगत सिकाइ उपलब्धी वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश बनाई शिक्षा शाखा प्रमुखलाई उपलब्ध गराउने,

थ. विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र महिनाको कम्तीमा २० वटा विद्यालयको निरीक्षण गर्ने,

द. निरीक्षण गरिएको विद्यालयको कम्तीमा २ वटा कक्षा अवलोकन गरी सम्बन्धित शिक्षकसँग अन्तर्कृयाका साथै पृष्ठपोषण लिनेदिने कार्य गर्ने,

ध. आवश्यकता अनुसार नमूना कक्षा लिने र शिक्षकहरूबाट पनि नमूना कक्षा लिने व्यवस्था मिलाउने,

न. विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन तथा पृष्ठ पोषणको अभिलेखीकरण गरी शिक्षा शाखालाई समेत जानकारी गराउने,

प. विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरूको अनुगमन गरी

प्रतिवेदन पेश गर्ने,

फ. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुसँग विद्यालयको शैक्षिक अवस्थाका बारेमा छलफल गरी परामर्श प्रदान गर्ने,

ब. गाउँ शिक्षा समिति र गाउँपालिकाले तोकेका अन्य कार्यहरू गर्ने । यस अन्तर्गत विदा स्वीकृत नगराई अनुपस्थित भएको अवधिको हाजिरी रजिष्टरमा गयल जनाउन समेत सकिने छ ।

९. स्रोत शिक्षकको तलबभत्ता र अन्य सुविधा देहायबमोजिम हुनेछ ।

क. स्रोत शिक्षकले साविक कार्यरत शिक्षक पदमा खाइपाई आएको तलब, भत्ता र यस कार्यविधिले निर्धारण गरेबमोजिमको अन्य सुविधा पाउने छ ।

ख. स्रोत शिक्षक शिक्षकको पदमा कार्यरत रहेको अवस्थामा बढुवा भएको पदको नियमानुसार तलब भत्ता  सुविधा पाउने छ ।

ग. स्रोत शिक्षकको थप भत्ता तथा सुविधा गाउँपालिकाबाट देहायबमोजिम उपलब्ध हुने छ ।

अ. मासिक सञ्चार खर्च रू एक हजार मात्र

आ. इन्धन सुविधा गाउँपालिकाको सो सम्बन्धमा उल्लेखित कार्यविधि अनुसार

इ. फिल्ड भत्ता मासिक रू दश हजार

घ. स्रोत शिक्षकले प्रचलित संघीय शिक्षा ऐन र नियमावलीमा शिक्षकका लागि तोकिएका विदा पाउने छ ।

ङ. स्रोत शिक्षकले हिउँदे वा वर्षे विदाको सट्टा वार्षिक तीस दिन विदा पाउने छ । सट्टा विदा सोही शैक्षिक  सत्रभित्र उपयोग गर्नुपर्ने छ र सोबापत कुनै आर्थिक दायित्व व्यहोरिने छैन ।

च. स्रोत शिक्षकको हाजिरी गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ ।

छ. स्रोत शिक्षकको सट्टामा निजको पदाधिकार रहेको विद्यालयलाई शिक्षकको सुरू तलब स्केलको हुन आउने रकम गाउँपालिकाले उपलब्ध गराउने छ । विद्यालयले गाउँपालिकाको शिक्षण सहयोग अनुदानको स्रोतबाट करारमा प्रचलित कानुनबमोजिम पालिका अनुदान शिक्षक राख्ने छ । तर त्यसरी नियुक्ति भएको पालिका अनुदान शिक्षकले गाउँपालिकाबाट तोकिएबमोजिम भन्दा बढी थप सेवा सुविधाको विषयमा दावी गर्न पाइने छैन । स्रोत शिक्षक सम्बन्धित विद्यालयमा काज फिर्ता भएमा सट्टा शिक्षकको स्वतः अवकाश हुने छ ।

## परिच्छेद ४

## स्रोत शिक्षकको योग्यता र परीक्षा सम्बन्धी व्यवस्था

१०. स्रोत शिक्षकको लागि उम्मेद्वार हुन देहाय अनुसार योग्यता भएको हुनुपर्ने छ।

क. शिक्षा शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको,

ख. स्थायी शिक्षकको रूपमा कार्यरत रहेको,

ग. गाउँपालिका भित्रका विद्यालयमा कार्यरत शिक्षक हुनेपर्ने,

घ. कम्प्युटरका माध्यमबाट पत्राचार, सूचना सम्प्रेषण गर्नसक्ने,

ङ. मोटरसाइकल वा स्कुटर चलाउने योग्यता र सीप भएको,

११. स्रोत शिक्षकको छनौट गर्दा लिइने परीक्षाको किसिम र पूर्णांक देहायबमोजिम हुने छ।

| क.स. | परीक्षाको किसिम | प्रश्न संख्या | पूर्णांक | उत्तीर्णांक |
|---|---|---|---|---|
| १ | लिखित | | | |
| क | वस्तुगत | ५० | ५० | २५ |
| ख | विषयगत | १० | १०० | ५० |
| २ | प्रयोगात्मक | | २५ | १५ |
| ३ | शैक्षिक योग्यता, तालिम र अन्तर्वार्ता | | २५ | |

१२. परीक्षाको पाठ्यक्रम अनुसूची १ बमोजिम हुनेछ।

१३. करार सम्झौता रद्द गर्न सकिनेः

देहायको अवस्थामा प्रमुख प्रशासकीय अधिकृतले सामाजिक विकास समितिको परामर्शमा स्रोत शिक्षकसँग गरिएको करार सम्झौता रद्द गरी निजलाई पदाधिकार रहेको विद्यालयमा फिर्ता गर्न सक्ने छ।

क. अनुशासनहीन काम गरेमा,

ख. तोकिएको जिम्मेवारी पटकपटक पुरा नगरेमा,

ग. आचरण सम्बन्धी नियम उल्लंघन गरेमा,

घ. कार्यक्षमता तथा कार्यसम्पादन गुणस्तरको अभाव रहेमा,

ङ. गाउँपालिकाको प्रचलित कानुन र निर्देशनको पालना नगरेमा,

च. कानुन बमोजिम गोप्य राख्नुपर्ने कुराहरूको गोपनियता कायम नराखेमा,

## परिच्छेद ८ विविध

यस कार्यविधीले समेट्न नसकेका क्षेत्रहरूमा प्रचलित ऐन, नियमको प्रतिकुल नहुनेगरी कार्य गर्ने र गर्न लगाउने जिम्मेवारी कार्यालयको हुने छ ।

## अनुसूची १

## स्रोत शिक्षक व्यवस्थापन कार्यविधि २०८० बमोजिम स्रोत शिक्षक पदको उम्मेद्वार छनौटको लागि लिइने परीक्षाको पाठ्यक्रम

**१. लिखित परीक्षाको पाठ्यक्रमः**

क. नेपालको विद्यालय तह, शिक्षाको संरचना र पाठ्यक्रमको ढाँचा
ख. नेपालको शैक्षिक इतिहास
ग. चालु आर्थिक वर्ष र आवधिक योजनामा शिक्षा
घ. चालु शैक्षिक आयोजना र परियोजनाहरु
ङ. विद्यालय क्षेत्र सुधार योजना
च. राष्ट्रिय पाठ्यक्रम प्रारूप
छ. दिगो विकासको लक्ष्य(शिक्षा सम्बन्धी)
ज. नेपालको संविधान र शिक्षा
झ. शिक्षा ऐन २०२८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४( शिक्षा सम्बन्धी व्यवस्था मात्र)
ञ. शिक्षा नियमावली २०५९
ट. शिक्षक सेवा आयोग नियमावली २०५७
ठ. अनौपचारिक शिक्षा र यसका विभिन्न कार्यक्रम (खुला र दुर शिक्षा)
ड. शिक्षा मनोविज्ञान र सिकाइ
ढ. शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार
ण. परीक्षा र मूल्यांकन
त. नेपालको उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा
थ. शिक्षामा अनुसन्धान र सूचना प्रविधि (कम्प्युटर, इमेल, इन्टरनेट, सामाजिक सञ्जाल)
द. शैक्षिक तथ्यांक सम्बन्धी जानकारी
ध. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस अन्तर्गतका निकायहरूको संगठन र कार्यहरू

न. शिक्षकको पेशागत दक्षता विकास

प. कक्षा अवलोकन र पृष्ठपोषण

फ. कार्यमूलक अनुसन्धान र अवस्था अध्ययन

ब. शिक्षा र दिगो विकास

भ. शिक्षाका समसामयिक कार्यक्रमहरू (गाउँपालिकाबाट सञ्चालन हुने विभिन्न नियमित कार्यक्रम, छात्रवृत्ति, विद्यालयको अनुदान आदि)

म. शिक्षा क्षेत्रको समसामयिक समस्या एवं चुनौतिहरू र समस्या समाधानका उपायहरू

य. तथ्याङ्कशास्त्र, तथ्याङ्क संकलन, विश्लेषण र विश्लेषण गरिएका सूचकहरूको संप्रेषण

र. प्रस्तावना लेखन

ल. स्थानीय पाठ्यक्रम

२. प्रयोगात्मक परीक्षा: कम्प्युटरको साधारण सीप

३. शैक्षिक योग्यता, तालिम र अन्तर्वार्ता:

क. शैक्षिक योग्यता र तालिम

| क्र.स. | विवरण | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| अ | न्यूनतम शैक्षिक योग्यता | ५ | ४ | ३ |
| आ | माथिल्लो शैक्षिक योग्यता | ३ | २ | १ |
| इ | तालिम | २ | १ | |

ख. अन्तर्वार्ता:

अ. व्यक्तित्व- ३ अंक

आ. विषयवस्तुको ज्ञान- ५ अंक

इ. प्रस्तुतीकरण विधि- २ अंक

ई. व्यवस्थापकीय तथा समस्या समाधान सीप- ३ अंक

उ. शिक्षण सहजीकरण सीप- २ अंक

आज्ञाले

चेतनारायण कंडेल

प्रमुख प्रशासकीय अधिकृत